नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय
(कर्मचारी प्रशासन शाखा)

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरवार, काठमाण्डौं
नेपाल

पत्र संख्या : क.प्र.(बोर्ड/संस्थान/ छात्रवृत्ति)०८०/८१
च.नं. :१००

मिति: २०८०।०५।०७

विषयः सेवाकालिन प्रशिक्षण कार्यक्रम सम्बन्धी सूचना।

प्रस्तुत विषयमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेलको यसै सूचना साथ संलग्न प.सं. PSTD/CIsT, च.नं. ७०/८०/८१ मिति २०८०।०५।०५ को पत्रबाट नेपाल सरकार र सार्वजनिक निकायहरुमा कार्यरत अधिकृतहरुका लागि Professional Course on Management and Development (PCMD) विषयक प्रशिक्षण कार्यक्रम मिति २०८०।०५।१८ देखि सञ्चालन हुने र उक्त तालिम कार्यक्रममा सहभागिताको लागि योग्यता पुगेका राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहका २ (दुई) जना कर्मचारीहरु मनोनयन गरी पठाउन लेखि आएको हुँदा यस मन्त्रालय र अन्तर्गत निकायमा कार्यरत योग्यता पुगेका इच्छुक राजपत्राङ्कित तृतीय श्रेणीका कर्मचारीहरुले यस मन्त्रालयको कर्मचारी प्रशासन शाखा (बोर्ड/संस्थान/ छात्रवृत्ति) वा agriadmin@moald.gov.np मा मिति २०८०।०५।०९ गते भित्र आवेदन दिनुहुन यस मन्त्रालयको मिति २०८०।०५।०७ को निर्णयानुसार अनुरोध छ ।

नोट : आवेदन दिँदा PIS विवरण, तपसिलमा उल्लेखित ढाँचा, र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको Long training Nomination Form समेत भरी पठाउनुहुन अनुरोध छ ।

तपसिल

| कर्मचारीको नाम थर/ क.सं.नं. | श्रेणी/पद | सेवा/समूह | हालको पदमा नियुक्ति मिति | हाल कार्यरत कार्यालय | सम्पर्क नं/ ईमेल ठेगाना |
|---|---|---|---|---|---|
| | | | | | |

०८०।५।६

(मेघराज पन्त)
शाखा अधिकृत

# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
# Nepal Administrative Staff College
*"...devoted to making differences positively."*

प.सं. PSTD/CIsT

च.नं. ७०/८०/८१

मितिः २०८०/०५/०५

श्री कृषि तथा पशुपंछी विकास मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

**विषय : सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी मनोनयन सम्बन्धमा ।**

प्रस्तुत विषयका सन्दर्भमा नेपाल सरकार र सार्वजनिक निकायहरुमा कार्यरत अधिकृतहरुको क्षमता विकास गर्ने उद्देश्यका साथ यस प्रतिष्ठानले अधिकृत तृतीय श्रेणी वा सो सरहका अधिकृतहरूका लागि Professional Course on Management and Development (PCMD) विषयक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएको व्यहोरा अवगत नै छ । यसै क्रममा आ.व. २०८०/८१ को वार्षिक कार्यतालिका अनुरूप उक्त प्रशिक्षण कार्यक्रममा सहभागीताका लागि तहाँबाट तलको तालिका बमोजिमको नामावली सचिव/विशिष्ट श्रेणीको अधिकृतस्तरबाट मनोनयन गराई **नामावली र मनोनयन फारम मिति २०८०/०५/१० गतेसम्म** पठाईदिनुहुन अनुरोध गर्दछु ।प्राप्त नामावलीमध्येबाट तपसिलमा उल्लेख भए बमोजिमको आधारमा प्रतिष्ठानद्वारा मनोनयन स्वीकृत गरिने व्यहोरा समेत अनुरोध छ।

| कार्यक्रम | संख्या | कार्यक्रम मिति | कैफियत |
|---|---|---|---|
| PCMD ५ | २ जना | २०८०/०५/१८ देखि ३१ कार्यदिने | अधिकृत तृतीय श्रेणी वा सो सरहका अधिकृतहरूका लागि |

**मनोनयनका आधारहरु र सम्बन्धित व्यवस्थाः**

१. अधिकृत द्वितीय श्रेणीको कर्मचारीको हालको तह/श्रेणीमा २०८० जेष्ठ मसान्तसम्म न्यूनतम २ वर्ष र अधिकृत तृतीय श्रेणीको हकमा २०८० जेष्ठ मसान्तसम्म न्यूनतम ३ वर्ष सेवा अवधि पुरा भएको हुनुपर्नेछ।

१. हालको तह/श्रेणीमा ३० कार्यदिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिईसकेका कर्मचारीहरु मनोनयनका लागि योग्य हुने छैनन्।

२. मनोनयन गर्दा तालिकामा उल्लेखित बमोजिमको कुन समूहमा सहभागी हुने हो सो स्पष्ट खुलाई पठाउनुपर्नेछ ।

३. मनोनयनको स्वीकृति गर्दा द्विविधा भएमा ज्येष्ठतालाई आधार लिईनेछ ।

४. तोकिएको मितिपछि प्राप्त हुन आएको मनोनयनमाथि कारवाही गरिनेछैन ।

५. मनोनयन फारम प्रतिष्ठानको वेबसाइट www.nasc.org.np मा राखिएको छ। सम्बन्धित उम्मेदवारले प्रतिष्ठानको वेबसाइटमा राखिएको Updates मेनु भित्र Downloadable Forms मा गएर Long Training Nomination Form लिंकमा क्लिक गरी मनोनयन फारम डाउनलोड गर्न सक्नेछन् ।

६. वैकल्पिक उम्मेद्वारहरुको व्यवस्था रहेको छैन । तसर्थ तोकिएको संख्या भन्दा बढी र वैकल्पिक भनी उल्लेख भएको मनोनयन माथि कारवाही गरिने छैन ।

७. मनोनयन स्वीकृतिको अधिकार सम्पूर्ण रुपमा प्रतिष्ठानमा निहित रहनेछ। मनोनयन स्वीकृतिको जानकारी प्रतिष्ठानको सूचना पाटी तथा वेबसाइट www.nasc.org.np मा राखिनेछ ।

८. मनोनित कर्मचारीहरुको नामावली मनोनयन फारम सहित प्रतिष्ठानको ईमेल inservice@nasc.org.np मा समेत पठाउन सकिनेछ ।

..........................
स्मृति प्रधान
प्रशिक्षण तथा अनुसन्धान अधिकृत

जावलाखेल, ललितपुर, नेपाल, पो.ब.नं.: २१५२, फोन नं.: ५५२२००२, ५५२२१६०, ५५२३५१४, ५५२३५१७, फ्याक्स: ५५२४९०६
Jawalakhel, Lalitpur, Nepal, P.O.Box: 2152, Ph. No.: 5522002, 5522160, 5523514, 5523517, Fax: 5524906